हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

लागूऔषध रहित परिवार:
स्वस्थ जीवनको आधार
❖ लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
लागुऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रिवितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
❖ गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।
स्वस्थ र सुखी परिवारको लागि
लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : ३१४ ॥ २०७९ पौष २५ गते सोमबार (9th Jan 2023 Monday) Pratidin National Daily dNo-?:%÷–

# प्रदेश १ को मुख्यमन्त्रीमा हिक्मतकुमार कार्की नियुक्त

झापा(प्रस) । प्रदेश १ को मुख्यमन्त्रीमा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्की आइतबार नियुक्त भएका छन् । प्रदेश प्रमुख परशुराम खापुङले कार्कीलाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

प्रदेश प्रमुख खापुङले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गरेका कार्कीलाई मुख्यमन्त्री नियुक्त गरेका छन् ।

कार्कीले ९३ सदस्यीय प्रदेशसभामा एमालेका ४०, माओवादी केन्द्रका १३, राप्रपाका ६ र जसपाका १ गरी ६० प्रदेश सांसदको समर्थनमा मुख्यमन्त्रीमा नियुक्तिका लागि दावी पेस गरेका थिए । कार्की एमाले अध्यक्ष केपी शर्मा ओली निकट नेता मानिन्छन् । ओलीकै निर्वाचन क्षेत्र झापा ५ (१) बाट लगातार दोस्रो पटक प्रदेशसभा सदस्यमा निर्वाचित कार्की पार्टीभित्रबाट सर्वसम्मत मुख्यमन्त्री पदका उम्मेदवार बनेका थिए ।

कार्कीले सोमबार दिउँसो २ बजे शपथ ग्रहण गर्ने एमालेका प्रमुख सचेतक रेवतीरमण भण्डारीले बताए ।

वि.सं. २०२१ साल असोज ११ गते झापाको गौरादह नगरपालिका ३ मा पिता स्व.बमबहादुर कार्की र माता जानुकादेवी कार्कीको कोखबाट तेस्रो सन्तानका रूपमा हिक्मतकुमार कार्कीको जन्म भएको हो । उनको परिवारमा आमा, दाजु-भाउजू, श्रीमती, दुई छोरी र एक छोरा छन् । उनको बाल्यकाल गौरादहमै बितेको र एसएलसीसम्मको अध्ययन स्थानीय जनता माविमा भएको थियो ।

कार्की विद्यालयमा अध्ययन गर्दैगर्दा अनेरास्ववियुमा संगठित भई विद्यार्थी राजनीतिमा प्रवेश गरेका हुन् । पार्टी राजनीतिमा भने उनी २०३६ सालतिर जोडिएका थिए । सुनसरीको धरानस्थित



महेन्द्र बहुमुखी क्याम्पसमा आइएलको पहिलो ब्याजको अध्ययन सकेर उनी २०४२ सालमा उच्च शिक्षाका निम्ति नेपाल ल क्याम्पस काठमाडौंमा भर्ना भएका थिए ।

कार्कीले कानुनमा स्नातकोत्तर तह (एलएलएम)को अध्ययन पूरा गरेका छन् । अनेरास्ववियुको विभिन्न तहका कमिटीको नेतृत्वदायी भूमिका (क्याम्पस प्राक, जिल्ला कमिटी काठमाडौं, बाग्मती अञ्चल कमिटी) निर्वाह गर्दै उनी २०५५ सालमा केन्द्रीय अध्यक्षको जिम्मेवारीमा समेत रहे ।

स्वतन्त्र विद्यार्थी युनियनको समेत नेतृत्व (सभापति नेपाल ल क्याम्पस) सम्हालेका कार्की विद्यार्थी विशेष जिल्ला कमिटीको सचिव, उपत्यका समन्वय कमिटीको सदस्य, मेची अञ्चल समन्वय कमिटीको सदस्य हुँदै २०७१ सालमा सम्पन्न नेकपा (एमाले) को नवौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय कमिटीमा निर्वाचित भएका थिए । एमालेको पाँचौं राष्ट्रिय महाधिवेशनमा स्वयंसेवकको रुपमा सहभागी भएका उनी अहिले पार्टीको स्थायी कमिटी सदस्य छन् ।

नवौं महाधिवेशनबाट केन्द्रीय कमिटीमा निर्वाचित भएपछि २०७१-२०७३ सालसम्म कार्की मेची अञ्चल समन्वय कमिटीको इन्चार्ज भए । प्रादेशिक संरचनामा संगठन रुपान्तरण गर्ने चरणमा प्रदेश संगठन कमिटीको प्रचार विभाग प्रमुख रहेका उनी २०७४ सालको प्रदेशसभा निर्वाचनमा झापाको निर्वाचन क्षेत्र नम्बर ५ (१) बाट प्रदेशसभामा निर्वाचित भएका थिए । प्रदेश सरकारको पहिलो मन्त्रिपरिषदमा आन्तरिक मामिला तथा कानुन मन्त्रीका रूपमा २०७४ फागुन ३ गतेबाट २०७८ साल भदौ १० गतेसम्म जिम्मेवारी सम्हाले । नेकपा कालमा नेकपाको केन्द्रीय सदस्य रहेका कार्की एमालेको दशौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय कमिटी सदस्य बने । कार्की अहिले नेकपा (एमाले) को स्थायी कमिटी सदस्य तथा प्रदेश नम्बर १ को सह-इन्चार्जको भूमिकामा छन् । पञ्चायतकालमै कार्की परिवारका ७ मध्ये तीन सन्तान कम्युनिस्ट आन्दोलनमा होमिएका थिए । त्यसमध्ये पारिवारका दुवै दाजुभाइ हिक्मत र दीपक कार्की एमालेको पूर्णकालीन राजनीतिमा सक्रिय छन् । दाजु दीपक २०६४ र २०७० दुवै कार्यकालमा झापाबाट संविधानसभा सदस्यमा निर्वाचित भएका थिए । दीपक हाल एमाले झापा जिल्ला कमिटी अध्यक्ष छन् ।

हिक्मत गत मंसिर ४ गते भएको निर्वाचनमा पनि सोहि क्षेत्रबाट प्रदेशसभामा निर्वाचित भएका हुन् । गत निर्वाचनमा गठबन्धन अन्तर्गत कांग्रेसका जीवनकुमार राईलाई ५ हजार ४ सय ७२ मतान्तरले पराजित गर्दै उनी प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए ।

प्रदेशसभामा निर्वाचित हुनुभन्दा अगाडिसम्म संघीयता र प्रदेश संरचनाको विरोधी छवि कायम गरेका उनले प्रदेश सरकारमा गएपछि भने संघीयतालाई बलियो बनाउनुपर्ने पक्षमा आफूलाई उभ्याउँदै आएका छन् ।

सबैसँग मिल्नसक्ने मिजासिलो स्वभाव, स्पष्टवक्ता कार्की २०६२-६३ को जनआन्दोलनपछि काठमाडौं केन्द्रित राजनीति छाडेर झापा फर्किएका थिए । विद्यार्थी राजनीतिमा आफूभन्दा जुनियर रहेका शेरधन राई प्रदेश सरकारको पहिलो मुख्यमन्त्री र अर्का जुनियर पात्र राजेन्द्रकुमार राई तेस्रो मुख्यमन्त्री बन्दा कार्कीले चौथो मुख्यमन्त्रीको रुपमा अवसर प्राप्त गरेका छन् ।

मुख्यमन्त्री बनेसँगै उनलाई प्रदेश १ को नामकरण, प्रदेशको स्थायी संरचनाको निर्माण, प्रदेशप्रति नकारात्मक ढंगले भइरहेको प्रचार रोक्न प्रभावकारी कार्यसम्पादन, सुशासन, प्रदेशका अधिकार प्राप्तिमा संघीय सरकारसँग गर्नुपर्ने लविङ, गठबन्धन दलहरुको विश्वास जित्दै मितव्ययी सरकार संचालन गर्नु चुनौति रहेको छ ।

VACANCY

Application are invited from intrested, experienced qualified and dynamic candidates for the following posts.

| S.No. | Post | Level | No. | No. |
|---|---|---|---|---|
| 1 | Mathematics Teacher | Lower Secondary | Bacherlos degree with 3 yrs Exp. | 1 |
| 2 | ECA Incharge | | Bacherlos degree with 3 yrs Exp. | 1 |
| 3 | Hostel Warden (Male) Married Preferable | | +2 & above with 3 yrs exp. in related field. | 1 |
| 4 | Hostel Warden (Female) Married Preferable | | +2 & above with 3 yrs exp. in related field. | 1 |
| 5 | Pre-primary Incharge | | Bacherlos degree with 3 yrs Exp. in related field | 1 |

**Basic requirements:** Good Command over both written & Spoken English.

Interested candidates are requested to personally drop their application and testimonials to the school office by 29th poush 2079 during school hour.

**Note: Only short listed candidates will be called for interview.**

Balmiki Education Foundation
Birtamode-1, Jhapa
Ph: 023-542820/ 023-540195/ 9804952506

## गोमन्द्रमै एमबीए र एमसीएका कक्षा सञ्चालन

झापा(प्रस) । पत्रकारिता र कम्प्युटर विज्ञानको कक्षा पूर्वाञ्चल क्षेत्रमा सर्वप्रथम शुरु गरेको बिर्तामोडको गोमेन्द्र बहुमुखी महाविद्यालयले एमबीए र एमसीएका कक्षा सञ्चालन गरेको छ ।

गोमेन्द्रले साविक मेची अंचलमा पहिलो पटक एमबीए र एमसीएका कक्षा सञ्चालन गरेको हो । पूर्वाञ्चल विश्व विद्यालयबाट सम्वन्धन प्राप्त यस महाविद्यालयले यस शैक्षिक सत्रका लागि ३३-३३ जनाको दरले दुईवटा फ्याकल्टीमा विद्यार्थी अध्ययन गराउने भएको हो । काठमाडौं र विराटनगरको दाँजोमा आधा शुल्कमा महाविद्यालयले स्नातकोत्तर तहको कक्षा सञ्चालन गर्न लागेको पत्रकार सम्मेलनको आयोजना गरी महाविद्यालयका प्राचार्य डा. रुपक खनालले बताए । स्नातकोत्तर तहका लागि विभागीय प्रमुखमा प्रा.डा. पृथ्वी राईको नेतृत्व रहने जनाइएको छ ।

त्यस्तै एमवीएतर्फ विमल राजवंशी र एमसीएतर्फ सुनिल शर्माको संयोजकत्वमा कक्षा सञ्चालन हुने छन् ।महाविद्यालयमा पीएचडी तथा एमफिल गरेका प्राध्यापकहरुले अध्यापन गराउने बताइएको छ ।

२०५३ सालमा स्थापित गोमेन्द्रले शुरुका वर्ष उच्च माध्यमिक शिक्षा परिषद्बाट स्वीकृति लिई कक्षा ११ र १२ सञ्चालन गरेको थियो । त्यसपछि महाविद्यालयले २०५६ सालबाट विज्ञान तथा प्रविधि संकायतर्फ बीसीए र २०६२ सालबाट व्यवस्थापन संकायतर्फ बीबीएको पठनपाठन गराउँदै आएको छ ।

पत्रकार सम्मेलनमा महाविद्यालयका संस्थापक गणेशप्रसाद खनाल, वुध खनाल , सह प्राचार्य सरु खनाल, महाविद्यालयका शिक्षक शेखर पाण्डेलगायतको आतिथ्य रहेको थियो ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

गुगल रेष्टुरेन्ट एण्ड बार
शान्त तथा पारिवारिक वातावरणमा विभिन्न किसिमका स्वादिष्ट भेज तथा ननभेज परिकारका खानाहरु , मःम , चाउमिन , थुप्पा , सेकुवा, हुक्का तथा पेय पदार्थ सरल तथा सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।
स्वादिष्ट खानाको लागि हामीलाई सम्झनुहोस्

गुगल रेष्टुरेन्ट एण्ड बार
भद्रपुर रोड , बिर्तामोड (कुमारी बैंक पछाडी)
मो : ९८४२६७७३७७ , ९८०७९०४४३० , ९८०३२८०२३२
Free WiFi

Vacancy Announcement

**Basic Job Information:**
Job Category : Chief Executive Officer (CEO)
Job Level : Senior Level
No. of Vacancy : 1
Employment Type : Full Time
Job Location : Birtamod, Jhapa
Offered Salary : Negotiable/ Attractive Salary (No bar for right Candidates)
Application Deadline : 5 PM on Jan. 15, 2023

**Job Specification:**
Education Level : Bachelor or Equivalent
Experience Required : More than or equals to 5years in related field

**Requirements:**
- Language: English, Hindi and Nepali
- Ideally,applicants should be strictly between 25 and 45 years of age, very liberal and broadminded.
- Applicants require to have strong technical skills to manage applications, tools and digital products.
- Applicants must show a proven track record which shows that applicant has strong computer programming and technical knowledge.

**Job Description:**
- The CEO should be required to attend all board meetings.
- The CEO will be responsible for the overall operation of the cooperative as delegated by the Board of Directors.
- The CEO will be responsible for all the management functions like planning, organizing,coordinating, directing and controlling the scope and requirements of the Cooperative delegated by the Board of Directors.
- The CEO will be responsible to handle, control, manage, empower and cooperate with staffs.
- The CEO will be responsible for financial resourcing, budgeting and planning.

Interested candidates are invited to send their CV with recent photographs, copy of educational certificate, copy of citizenship and contact telephone number to the following address not later than 5 PM on Jan. 15, 2023.

**Pratham Multipurpose Co-operative ltd**
Birtamod, Jhapa Ph No 023-535299/499 web. www.prathamsahakari.com.np
Email: info@prathasahakari.com.np

# पानी भनेर शिक्षिकाले दिएको स्प्रिट पिउँदा छात्राको मृत्यु



झापा(प्रस) । सिरहाको मिर्चैयास्थित सगरमाथा मा.वि.का एकजना विद्यार्थीले औषधि खान पानी माग्दा शिक्षिकाले स्प्रिटलाई पानी सम्झेर दिएपछि विद्यार्थीको मृत्यु भएको छ । पानी सम्झेर डिउको बोतलमा रहेको स्प्रिट खाएपछि कक्षा ८ मा अध्ययनरत छात्रा १५ वर्षीया सिर्जनाकुमारी महराको मृत्यु भएको हो । उनी सिरहा नगरपालिका-११ भलुवाहीको भएको प्रहरीले जनाएको छ । शिक्षिकाले पानीको सट्टा दिएको स्प्रिट खाएपछि छात्राको मृत्यु भएपछि सिरहाको सगरमाथा मा.वि.का विद्यार्थीहरु आन्दोलित बनेका छन् । महिनावारी भएर पेट दुखिरहेको बेलामा पुष २२ गते विद्यालयमा औषधि खानका लागि सिर्जनाले शिक्षिका अम्बिका लम्सालसँग पानी मागेकी थिइन् । शिक्षिका लम्सालले माउन्टेन डिउको बोतलमा रहेको स्प्रिट पानी ठानेर दिइन् । छात्रा सिर्जनाले उक्त बोतलमा रहेको स्प्रिट पानी सम्झेर खाएलगत्तै बेहोस् भएकी थिइन् । उनलाई उपचारका लागि तत्कालै कर्जन्हास्थित फूलकुमारी महतो मेमोरियल अस्पताल पुऱ्याइयो । उपचारको क्रममा शनिबार साँझ उनको मृत्यु भयो । सो घटनामा विद्यालय र शिक्षिकाले लापरबाही गरेको भन्दै आइतवार विद्यार्थी र मृतकका आफन्तहरुले आन्दोलन सुरु गरेका छन् ।

उनीहरुले बिहानदेखि मिर्चैयास्थित पूर्वपश्चिम राजमार्ग अवरुद्ध पारेका छन् । टायर बालेर प्रदर्शन गरेका छन् । आन्दोलनका कारण राजमार्गमा चल्ने सवारी साधनहरु अलपत्र परेको थियो । मृतकको शव अस्पतालमै राखिएको छ । लापरबाही गर्ने विद्यालय प्रशासन र शिक्षिकालाई कारबाही गर्नुपर्ने र मृतक छात्राको परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने आन्दोलित विद्यार्थीको माग छ । आन्दोलनकारीहरुलाई तितरवितर पार्न प्रहरीले ५ राउण्ड हवाई फायर र ३ सेल अश्रुग्यास फायर गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा डीएसपी सुवास बुढाथोकीले जानकारी गराए । आन्दोलनकारीको ढुंगा लागेर ५/६ जना प्रहरी पनि घाइते भएको उनले बताए । इलाका प्रहरी कार्यालय मिर्चैया,एक एम्बुलेन्स र स्कुलमा तोडफोड भएको छ ।


## श्री दुर्गा पाञ्चायन मन्दिरको पुराणको आय-व्यय सार्वजनिक गरिएको बारे सूचना

भद्रपुर-४ तारानगरमा अवस्थित श्री दुर्गा पाञ्चायन मन्दिर परिसरमा २०७९ साल मंसिर १८ गतेदेखि २७ गतेसम्म मन्दिर निर्माण सहयोगार्थ आयोजित श्रीमद् देवी भागवत महापुराण नवाह ज्ञान महायज्ञलाई भव्य एवम् सभ्य रुपमा सम्पन्न गरिदिनु भएकोमा पुराण आयोजक समिति , भक्तजन , दानवीरहरुमा हार्दिक धन्यवाद ज्ञापनसहित कृतज्ञता जाहेर गर्दछौं । साथै यस पुराणको आय-व्यय निम्न रहेको कुरा जानकारी गराउँदछौं ।

आम्दानी हिसाब — खर्च हिसाब

| विवरण | रकम | विवरण | रकम |
|---|---|---|---|
| सापटी हिसाब | १,००,०००।- | १. दान दक्षिणा खर्च | |
| रसिदबाट | ६,०४,५६६।- | क. कथावाचक गुरु | २५,०००।- |
| धान बिक्री | ५०,१३०।- | ख. उपवाचक गुरु | २१,०००।- |
| चामल बिक्री | ३,०००।- | ग. गणेश गुरु | ७,५००।- |
| चिनी बिक्री | १,९५० ।- | घ. रुद्रीपाठ गुरु | ७,५००।- |
| तेल बिक्री | १,६८० ।- | ङ. गुरुआमा | ६,५००।- |
| सिदेनुन बिक्री | ६०।- | २. पारिश्रमिक खर्च | |
| आयोनुन बिक्री | ८०।- | क. भजन टोली | ६९,०००।- |
| पेश्की फिर्ता | २३,९४०।- | ख. झाँकी प्रस्तोता | १७,००० ।- |
| | | ग. साउन्ड सिस्टम अपरेटर | ११,००।- |
| | | घ. धन्दा गर्ने | ४५,००।- |
| | | ङ. धन्दा कपडा | १००० ।- |
| | | ३. साउन्ड सिस्टम | |
| | | क. सुमन गिरी | ३५,०००।- |
| | | ख. सागर इ. माईक भाडा | ३,२००।- |
| | | ४.क. प्रज्वल प्रवेशद्वार | २७,०००।- |
| | | ख. गद्धा लगाउने भाडा | २,७००।- |
| | | ५. इन्धन | |
| | | क. ग्यास , सिलिन्डर | १,८००।- |
| | | ख. डिजेल | १,६५० ।- |
| | | ग. पेट्रोल | १,१०० ।- |
| | | ६. मसलन्द | २,०१५।- |
| | | ७. भोजन | २१,२२९।- |
| | | ८. सम्मान कपडा | ७७,४०६।- |
| | | ९. पुजा सामग्री | २०,०४५।- |
| | | १०. ढुवानी खर्च | ९,१००।- |
| | | ११. प्रचार प्रसार | ६,०००।- |
| | | १२. सामान भाडा | १,१०० ।- |
| | | १३. दियो बाल्ने | २,८९०।- |
| | | १४. सापटी फिर्ता | १,००,०००।- |
| | | १५. मण्डप भेटी खर्च | ४,८००।- |
| | | १६. प्रसाद | ७,०९०।- |
| | | १७. प्रेस खर्च | ८१,७५०।- |
| | | १८. श्रृंगार खर्च | २,९९०।- |
| | | १९. फूलमाला | १,८००।- |
| | | २०. विविध खर्च | १,९८५।- |
| | | २१. शिलालेख | १८,००० ।- |
| | | २२. शिला ढुवानी | १,००० ।- |
| | | २३. विद्युत | २,५००।- |
| | | | |
| जम्मा आम्दानी | ७,८५,४०६।- | जम्मा खर्च | ५,९४,२५०।- |
| खर्च | ५,९४,२५०।- | | |
| नगद जम्मा | १,९१,१५६।- | | |

बाँकी उठ्नु पर्ने रकम नगदमा रु.१,८०,२२२।- , ९६ बोरा सिमेन्ट , २ बन्डल ४ सुते रड ।

**दुर्गा पाञ्चायन मन्दिर तथा पुराण आयोजक समिति**

**भद्रपुर-४ (तारानगर), झापा**


# रोङ गाउँपालिकाले गुन्द्रुक सिंकी ब्राण्डिङ्ग गर्न थाल्यो



झापा(प्रस) । इलामको रोङ गाउँपालिकाले पहिलोपटक गुन्द्रुक सिंकी ब्राण्डिङ्ग कार्यक्रम शुरु गरेको छ । स्वीस सरकारको सहयोगमा नेपाल कृषि बजार विकास कार्यक्रमको ३४ लाख ४५ हजार ,देवनछाप साना किसान कृषि सहकारी संस्थाको १५ लाख ८० हजार र रोङ गाउँपालिकाको १७ लाख ६० लाख हजार गरी ६७ लाख ८५ हजार रुपैयाँको लागतमा सो कार्यक्रम शुरु गरिएको हो । कार्यक्रमका लागि रोङ गाउँपालिकाका अध्यक्ष मणिकुमार स्याङ्बो सुवास , देवनछाप साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष बमबहादुर राई र नेपाल कृषि बजार विकास कार्यक्रमका प्रतिनिधि विष्णु काफ्लेबीच संझौता भएको छ ।

परीक्षणका लागि यस वर्ष रोङ गाउँपालिका वडा नं ५ मा गुन्द्रुक सिंकी ब्राण्डिङ्ग कार्यक्रम शुरु गर्न लागिएको गाउँपालिका अध्यक्ष स्याङ्बोले बताए । उनले अबको दुई हप्तापछि गुन्द्रुक सिंकी ब्राण्डिङ्ग शुरु गरिने जानकारी दिए । गुन्द्रुक सिंकी ब्राण्डिङ्गका लागि Culture Development and Multiplication by National College of Food Science and Technology काठमाडौंको प्राविधिक सहयोग रहने छ । माइक्रो बायोलोजिस्ट आशिक तिवारीसंगै गुन्द्रुकमा पिएचडि गरेका डा. टीकाबहादुर कार्कीले सहयोग गर्ने भएका छन् । फुड टेक्नोलोजिस्ट दिक्षा भट्टराई तीन महिनाका लागि रोङ गाउँपालिका आइपुगेको अध्यक्ष स्याङ्बोले बताए । त्यस्तै कृषि मन्त्रालय १ नं प्रदेश खाद्य प्रबिधि तथा गुण नियन्त्रण कार्यालय बिराटनगरले पनि सहयोग गर्ने भएको उनले जानकारी दिए । देवनछाप साना किसान कृषि सहकारी संस्थाको साना किसान कृषि प्रशोधन उद्योगमार्फत उत्पादन , ब्राण्डिङ्ग , प्याकेजिङ्ग, मार्केटिङ्गको सबै कार्य हुने भएको हो । यस बर्ष कम्तिमा ३ सय र बढीमा १ हजार केजि गुन्द्रुक सिंकी उत्पादन गर्ने लक्ष्य रहेको छ । पहिलो वर्ष उत्पादक कृषकको रुपमा ६० जना रहेका छन् । त्यसलाई आगामी बर्ष बृहत् गर्ने लक्ष्य रहेको अध्यक्ष स्याङ्बोले बताए । गुन्द्रुक सिंकी ब्राण्डिङ्गका लागि ६ दिनअघि कृषि मन्त्रालयका सचिब मेघनाथ तिम्सिनाको टोलीले अगुवा किसान , सहकारीकर्मी , जनप्रतिनिधि ,कर्मचारीलगायतसंग अन्तरक्रिया गरेको थियो ।

अब उत्पादनका लागि आधारभूत तालिम गराइने रोङ गाउँपालिकाले जनाएको छ । उत्पादनको लागि हाललाई ड्रायरलगायतका कामका लागि निजी ब्यवसायी कुमार अर्यालको उद्योगलाई प्रयोग गर्ने र यहि आर्थिक वर्षमा त्यस्तै उद्योग देवनछाप साना किसान कृषि सहकारीको जगगामा स्थापना गर्ने अध्यक्ष स्याङ्बोले जानकारी दिएका छन् ।


**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा ।

## स्वेच्छिक जग्गा दान सम्वन्धी सार्वजनिक सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७९/९/१९

बिर्तामोड नगरपालिकाद्वारा कार्यान्वयन हुने नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना काठमाडौंमार्फत स्तरोन्नति हुन गइरहेको परापूर्वकालदेखि चलिआएको बुट्टाबारी-प्याकुरेल चोक ६.२०० कि.मि.सडकको मर्मतसंभार तथा कालोपत्रे गर्ने सिलसिलामा बिर्तामोड नगरपालिका (साविक अनारमनी गा.वि.स. वडा नं.१ र गरामनी गा.वि.स.को वडा नं. २ र ३) (हालको वडा नं. ६, ७ र ८) मा पर्ने प्रस्तावित बुट्टाबारी-प्याकुरेल चोक सडकको मापदण्ड बमोजिम हाल चलनचल्तीको सडकको केन्द्र बिन्दुबाट दायाँ/बायाँ २०/२० गरी जम्मा ४० फिट सडक चौडा गरी कालोपत्रे गर्न उक्त सडकले छोएका जग्गाधनीहरुले स्वेच्छिक दान दिने बिर्तामोड नगरपालिकासंग विभिन्न समयमा सहमति गरिए अनुसार तपसिलमा उल्लेखित जग्गाधनीहरुको निम्न कि.नं. जग्गाको क्षेत्रफल सडक क्षेत्राधिकारभित्र परेको ब्यहोरा सम्वन्धित सबै सरोकारवालाको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

नोट: उल्लेखित सूचनामा जग्गाधनीहरुको तीनपुस्ते विवरण, वडा नं., कि.नं., जग्गाको क्षेत्रफल लगायतको कुनै पनि विवरणमा फरक परेमा प्रमाणका आधारमा सच्याइने हुँदा सम्वन्धित वडा कार्यालयमा ७ दिन भित्रमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।
यस सूचनामा कुनै पनि प्रकारको सुझाव, सल्लाह, तथा गुनासो भए सम्वन्धित वडा
कार्यालयको गुनासो सुनुवाई समितिसमक्ष सप्रमाण गुनासो गर्न सकिने छ ।

विस्तृत जानकारीका लागि सम्वन्धित वडा कार्यालय र बिर्तामोड नगरपालिकामा सम्पर्क गर्न हुन समेत अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**
बिर्तामोड नगरपालिका



**बिर्तामोड नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा**

## दरखास्त आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः२०७९।०९।२१**

यस नगरपालिका अन्तर्गतको नगर अस्पतालका लागि तपशिलका पदहरुमा सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा कार्यालयबाट दरखास्त लिई तोकिएको समयभित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं | विज्ञापन नं. | पद | तह/श्रेणी | माग पद संख्या | सेवा/समुह | सेवा सुविधा |
|---|---|---|---|---|---|---|
| १ | ०६/२०७९/०८० | हेल्थ असिस्टेण्ट(H.A.) | सहायक पाचौं | ४ | स्वास्थ्य /हेल्थ इन्पेक्सन | सहायक पाचौं तहको सुरु तलब स्केल |
| २ | ०७/२०७९/०८० | स्टाफ नर्स(Staff nurse) ( SBA तालिम प्राप्त) | सहायक पाचौं | २ | स्वास्थ्य/जनरल नर्सिङ | सहायक पाचौं तहको सुरु तलब स्केल |
| ३ | ०८/२०७९/०८० | अ.न.मी. ( SBA तालिम प्राप्त) | सहायक चौथो | १ | स्वास्थ्य/प.हे.न. | सहायक चौथो तहको सुरु तलब स्केल |

क.**आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

१.**हेल्थ असिस्टेण्ट पदका लागिः**मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेण्ट(H.A)तह उत्तीर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भई नवीकरण अध्यावधिक भएको हुनुपर्ने ।

२.**स्टाफ नर्स पदका लागिः**मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ (PCL Nursing)उत्तीर्ण गरीनेपाल नर्सिङ परिषदमा दर्ता भई नवीकरण अध्यावधिक भएको हुनुपर्ने ।

३. **अनमी पदका लागिः**मान्यता प्राप्त शिक्षण संस्थाबाटअनमी(ANM) उत्तीर्णगरी नेपाल नर्सिङ परिषदमा दर्ता भई नवीकरण अध्यावधिक भएको हुनुपर्ने ।

ख. **उमेरको हदः**- दरखास्त दिने मितिसम्म १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको।

ग. **परीक्षाको किसिमः**- लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक

घ. **परिक्षा केन्द्रः** विर्तामोड नगरपालिकाको कार्यालय, बिर्तामोड झापा ।

ङ.**दरखास्त दस्तुरः**हेल्थ असिस्टेण्ट र स्टाफ नर्स पदका लागि रु ५००।- र अनमी पदका लागि रु ४००।-

च. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**- नागरिकताको फोटोकपि,शैक्षिक योग्यताको प्रमाणपत्रहरुको फोटोकपि, अनुभव भए अनुभवको प्रमाणपत्र ।

छ.**दरखास्त पेश गर्ने स्थानः**- बिर्तामोड नगरपालिकाको कार्यालय (स्वास्थ्य शाखा), बिर्तामोड झापा ।

ज. **दरखास्त दिने अन्तिम मितिः**-२०७९।१०।०५ गते सम्म कार्यालय समय भित्र ( सो दिन बिदा भएमा कार्यालय खुलेको अर्को दिन)

झ. **करार अवधिः**-६ महिना र अन्य करार सम्झौतामा उल्लेख भए अनुसार हुने ।

ञ.**परीक्षा मितिः**- पछि प्रकाशन गरिनेछ ।

नोटः तोकिएको योग्यता नपुगेको उमेद्धारको दरखास्त फारम स्वीकृत हुनेछैन । दरखास्त फारम र सूचना एवं थप जानकारीका लागि www.bitramodmun.gov.np मा हेर्न र प्राप्त गर्न सकिन्छ ।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### कोभिड बढ्दैछ

पछिल्लो पटक कोरोना संक्रमणबाट नेपालमा एकजनाको ज्यान गएको छ ।

राजनीतिक नेतृत्व सत्ताको लुछाचुँडीमा र कर्मचारीतन्त्र 'पर्ख र हेर'मा अलमलिएकै बेला कोभिड १९ संक्रमण फैलने लक्षण देखियो ।

विगत अढाई महिनायता कोभिडको संक्रमणबाट मृत्यु भएको यो पहिलोपटक हो । हुनत, अहिले कोभिड महामारीकै रूपमा फैलिसकेको छैन तर सरकारी कार्यशैली हेर्दा भने ढुक्क हुन सकिँदैन ।

नेपालको सरकारी संयन्त्र प्रायः हतार र हतासमा देखिन्छ । जम्मा २ जनामा कोभिड संक्रमण पुष्टि हुँदा पहिलोपटक २०७६ साल चैत ११ गते देशमा बन्दाबन्दी 'लकडाउन' थोपरिएको थियो ।

त्यसपछि आरडीटी किटदेखि पीपीई खरिदसम्म विभिन्न चरणमा जनताको हित हेर्नुभन्दा 'माफिया'को स्वार्थ पूरा गर्न सरकारका उच्च पदाधिकारीहरू बढी संलग्न भए । स्वास्थ्य मन्त्रालयले नै ' ओम्नी' नाम गरेको कम्पनीलाई 'कालोसूची'मा राखेर कारबाही गर्न सिफारिस गरेको सार्वजनिक भएको थियो ।

यही चरणमा भारतबाट खोप किन्न लाग्दा सत्तारुढ दल निकट व्यवसायीले कमिसन मागेर प्रक्रियामा भाँजो हालेको खुलासा तत्कालीन स्वास्थ्य तथा जनसंख्यामन्त्रीले सार्वजनिकरूपमै गरेका थिए । कोभिडको महामारीलाई राज्यको ढुकुटी दोहनको अवसर बनाइयो ।

सरकारले कोभिडको संक्रमण र बन्दाबन्दीलाई असन्तुष्टि दबाउन अस्त्रका रूपमा प्रयोग गरेको थियो । प्रायः निर्णयहरू विशेषज्ञको सल्लाहमा नभएर राजनीति वा कर्मचारी नेतृत्वको लहड वा लोभमा गरियो ।

यसैले, बन्दाबन्दी थोपर्दा वा खुकुलो बनाउँदा कहिल्यै सरकारले चित्तबुझ्दो तर्क दिएन । अहिले त धेरैले खोप लगाइसकेका छन् । सरकारलाई खोपको थप मात्रा व्यवस्था गर्न जनस्वास्थ्य विज्ञहरूले सुझाव दिइसकेका छन् । सुझबुझ देखाउने हो भने २०७६/७७ सालको जस्तो अन्योल नहोला ।

परन्तु, चीनमा कोभिड संक्रमण सायद धान्नै नसकिने गरी फैलिइसकेको छ । भारतमा पनि संक्रमण बढ्दो गतिमै छ । बन्दाबन्दी जस्तो कडा उपाय सायद नेपालको अर्थतन्त्रले धान्न पनि सक्तैन ।

यस्तो अवस्थामा व्यक्तिहरू सजग हुने र सरकारले पनि कोभिडबाट जोगाउन आवश्यक सबै उपाय गर्न अलमल गर्नु हुँदैन । कम्तीमा व्यक्तिगत सरसफाइ र सम्पर्कमा सावधानी अपनाउने हो भने संक्रमणको लहर रोक्न नसके पनि क्षति कम गर्न सकिन्छ । खुल्ला सीमा भएको सिमावर्ती झापा झन् बढी जोखिममा छ । त्यसकारण सरकार र समाजले कोरोनालाई खेलाँची नठानून् । पहिले तयार गरिएका 'होल्डिङ सेन्टर'लगायतका भौतिक संरचनाको पनि आवश्यकताअनुसार उपयोग गरियोस् । कोरोनाको कहर भित्रिनु अगावै पूर्व सावधानी अपनाइयोस् ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# समाजसेवामा नेपाल रेडक्रस



• कुलप्रसाद पराजुली

समाजसेवा शब्दमा दुई खण्ड छन्, एउटा समाज र अर्को सेवा । यसको सोझो अर्थ समाजको सेवा भन्ने हुन्छ । यो पारिभाषिक शब्द पनि हो । समाजले एउटै रहनसहन, व्यवस्था, धर्म अँगाल्ने वा एकै स्थानमा बस्ने मानिसको समूहलाई जनाउँछ । कुनै विशेष सामूहिक उद्देश्य राखेर गठन भई कानुनी मान्यता प्राप्त संस्था पनि समाज हो । सभ्य र सज्जन मान्छे भेला भएर बस्ने ठाउँलाई समेत समाज भनिन्छ । सारांशमा मानव समूह, संस्था र स्थानबोधक शब्द पनि हो समाज । वाणी, मन, शरीर र कर्मले गरिने दैवी आराधना/ उपासना, मान्यजनप्रतिको आदरसम्मान, पारिश्रमिक लिएर गरिने कामविशेष, सार्वजनिक उपकारका लागि गरिने काम र व्यवहार सेवा शब्दका अर्थ हुन् । साधारणतया समाजको सेवा अर्थ बुझाउने समाजसेवा शब्दले भावनात्मक सम्मान र भौतिक कर्म पनि जनाउँछ । यसभित्र व्यक्ति, समाज, राष्ट्र, धर्म-संस्कृतिको संरक्षण, संवर्द्धन र भलाइसम्बन्धी सोच, भावना र भौतिक कार्य पनि समाहित हुन्छन् । सृष्टिको उषाकालदेखि नै समाज सेवाको भावना मान्छेमा रहँदै आयो । सक्नेले नसक्नेलाई, बलियोले दुब्लोलाई, हुनेले नहुनेलाई र शक्तले अशक्तलाई सहयोग र सहायता गर्ने परम्परा बस्दै आयो । यो परम्पराले मानव हृदयमा सहयोगको भावना शक्तिको प्रस्फुटनबाट भएको बुझाउँछ । यसर्थ आपत-विपत्मा परेकालाई सहायता गर्नु, तमाम पीडा पोखरीबाट झिकेर प्राणी मात्रको जीवनलाई सुख र शान्तमय बनाउने काममा आफूलाई समर्पित गर्नु नै समाजसेवा हो भन्ने सिद्ध हुन्छ । पीडित र असहाय व्यक्तिहरूलाई आवश्यक सेवा प्रदान गर्नु समाज सेवाको सारत□व भएकोले यसको उद्देश्य स्वस्थ जीवन र स्वच्छ समाज निर्माण गर्नु हो ।

मान्छे समूहमा बस्न थालेपछि नै आपसी सहयोग र सङ्गठनात्मक भावना उदय भयो । समूहमा बस्ता अरूको रक्षात्मक काम गर्ने व्यक्तिको नेतृत्व स्वीकार हुँदै गएर उपकारी भावनाले धर्मको रूप लियो । मनमस्तिष्कमा उपकारी भावना धारण गरी भौतिक सहयोगात्मक कार्य गर्नु नै धर्म भएकाले धारणात् धर्ममित्याहु भनी धर्मको परिभाषा गरिएको बुझिन्छ । त्यसैले समाजसेवा आफैँमा धर्म हो । वैदिक र पौराणिक कालदेखि नै धर्मकर्ममा अगाध आस्था र विश्वास राख्दै आएको नेपाली समाजमा धार्मिक मान्यता र उपकारी संस्कारले दरिलो जरा गाड्दै आएको हुँदा 'परोपकार पुण्याय पापाय परपीडनम्' आदि शास्त्रीय उद्गार आएका हुन् । दान दिनु र परहितका कार्यलाई मान्यता दिई पुरुषार्थ चतुष्ठयको प्राप्तिमा जीवनको सार्थकता सम्झनु नेपाली जनजीवनले आत्मसात् गरेको आदर्श हो । सेवाभावको त्यही आदर्शबाट नेपाली समाजमा राजगुठी र निजीगुठी आदि सेवामुखी संस्था जन्मेका हुन् । परहितलाई धर्म र मानव कर्तव्य मान्ने नेपाली समाजले विश्वको जुनसुकै कुनामा स्थापना भएका परोपकारी संस्थालाई हृदयदेखि नै सधैं मान्यता दिँदै आयो । विश्व समाजमा स्थापना भएको परोपकारी संस्था रेडक्रसमा आबद्ध हुनुको उद्देश्य पनि यही हो, जसको स्थान सेवाकार्यमा सर्वोच्च छ । मानवसेवा नै मूल उद्देश्य रहेको यो संस्थाका संस्थापक स्विट्जरल्यान्ड निवासी हेनरी ड्युना हुन् । उनले सन् १८६४ मा स्विट्जरल्यान्डमा यो सामाजिक संस्था स्थापना गरेका थिए । ८ मई १८२८ उनी जन्मेकाले ८ मईलाई विश्व रेडक्रस दिवस मानिन्छ । सन् १८५९ जुनमा इटालीको सोल्फेरिनो नामक ठाउँमा अस्ट्रिया र फ्रान्सबीच भएको भीषण सैन्य युद्धमा घाइते सैनिकको करुण क्रन्दन र युद्धको वीभत्स दृश्यले द्रवीभूत हेनरी ड्युनाको आह्वानमा स्विट्जरल्यान्डमा यो संस्थाको जन्म भएको थियो । युद्धमा घाइते भएर औषधोपचार र आवश्यक सहायताका लागि तड्पिरहेका मानिसको पीडाबोधले ड्युनाभित्रको मानवता जागृत भएर जन्मेको यो संस्थाको एक मात्र उद्देश्य मानवसेवा थियो । गर्भैदेखि नै मानवताको भावनाले मुखरित यो परोपकारी संस्था मानवता, समानता, निष्पक्षता, असंलग्नता, स्वतन्त्रता, एकता र विश्वव्यापकता ७ सिद्धान्तमा आधारित छ । धर्म, वर्ग, जातजाति, राजनीति र राष्ट्रियता आदिबाट अलग रहेर असहाय र पीडित सन्तप्त मानव जातिको एकतापूर्ण ऐच्छिक सेवा र सहायता यसले गर्छ ।

सन् १८६३ मा विश्व रेडक्रस अभियान जन्मेको १०० वर्षपछि सन् १९६३ (२०२० साल ) मा नेपाल रेडक्रस सोसाइटी जन्मियो । १ अक्टोबर सन् १९६४ (२०२१ असोज १६ )मा रेडक्रसको अन्तर्राष्ट्रिय समितिबाट विधिवत् मान्यता प्राप्तिपछि २ अक्टोबर सन् १९६४( २०२१ असोज १७ ) मा लिग अफ रेडक्रस सोसाइटिजको सदस्यता प्राप्त गरेर यस संस्थाले नेपालमा आफ्ना शाखा र सङ्गठन विस्तार सुरु गर्‍यो । एम्बुलेन्स सेवालगायतका विभिन्न सेवा विस्तारबाट अघि बढेको नेपाल रेडक्रसले विगतमा तिब्बती शरणार्थीको समस्या समाधानमा अग्रसरता देखाएर उनीहरूलाई आवास, शिक्षा, स्वास्थ्य र व्यवसाय आदिको समुचित व्यवस्था गर्न आफ्नो साधन स्रोत लगानी गरी अनुकरणीय सेवा कार्य सम्पन्न गरेको सुनौलो इतिहास छ । मानवता रक्षाका लागि २०२३ साउन १२ गतेबाट रक्तकोषको स्थापना हुनु यसको अर्को महत्वपूर्ण कार्य थियो । रक्तदान जीवनदानको जीवनदायी नारा अघि सारेर सुरु गरिएको यो सेवाका साथै रोगी र अशक्तहरूको सहयोगार्थ सुरु एम्बुलेन्स सेवाको विस्तार नेपालभरि दिनानुदिन भइरहेको सुखद अवस्था छ ।

नेपालभरिका सबै जिल्लामा सेवारत यस संस्थाका शाखा उपशाखाले समाजसेवा गरिरहेका छन् । सेवा नै परमो धर्म आत्मसात् गरी सेवारत यो संस्थाले आफ्ना मौलिक सिद्धान्तबमोजिम साधारण, आजीवन, विशिष्ठ, मानार्थ, यशस्कर र श्रेयस्कर ६ प्रकारका सदस्यता प्रदान गर्छ । सदस्यता प्रदानका मूल आधार दान, योगदान र सहयोग सम्मान नै हुन् । नेपाल रेडक्रसका सेवा कार्यक्रममा दैवीप्रकोपको पूर्वतयारी तथा उद्धार, रक्तसञ्चार, एम्बुलेन्स सेवा, सामुदायिक/आधार भूत स्वास्थ्य सेवा, ट्रेसिङ सेवा, रेडक्रस ज्ञान तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रचारप्रसार र जुनियर रेडक्रस कार्यक्रम आदि हुन् । रेडक्रसका अधिकांश कार्यक्रम नेपाल सरकारका विभिन्न विकास कार्यक्रमलाई टेवा पुर्‍याउने प्रकृतिका भएकाले रेडक्रस नेपाल सरकारको सहयोगी सामाजिक संस्था पनि हो । नेपाल रेडक्रसको सङ्गठनात्मक स्वरूपमा केन्द्रीय सभाअन्तर्गत केन्द्रीय कार्यसमिति, आर्थिक स्रोत परिचालन समिति, दैवी प्रकोप उद्धार समिति, रक्तसञ्चार सेवा समिति र जुनियर रेडक्रस समिति छन् । क्षेत्रमा क्षेत्रीय स्तरका समन्वय समितिहरू हुनुका साथै जिल्ला सभाअन्तर्गत जिल्ला कार्यसमिति रहन्छन् । जिल्ला शाखाका एकाइका रूपमा विभिन्न सहयोग समितिहरू र उपसमितिहरू रहने व्यवस्था छ ।

केन्द्रीय समितिले राष्ट्रिय स्तरका कार्यक्रमको नीति तथा कार्यान्वयनको समन्वय गर्छ । अन्य विभिन्न केन्द्रीय समितिहरूले आफू अन्तर्गतका काम गर्छन् । केन्द्रीय सभाले नीति निर्धारण र केन्द्रीय कार्यसमितिको चयन गर्छ । आफ्नो क्षेत्रअन्तर्गतका जिल्लाको समन्वय, परामर्श र सहयोगको काम क्षेत्रीय समन्वय समितिको हो । जिल्लास्तरीय कार्यकलाप सम्पन्न गर्ने कार्य जिल्ला कार्य समितिले गर्छन् ।

राष्ट्रका अन्य सामाजिक, धार्मिक एवं सांस्कृतिक संस्थाजस्तै रेडक्रसका प्रत्येक निकायले प्रतिवर्ष आफ्ना गतिविधिको समीक्षा गर्दै भावी कार्ययोजना बनाएर छलफल गरी कार्यान्वयन गर्ने परम्परा छ । २०६० सालमा स्थापित मीनभवन कोटेश्वर उपशाखा काठमाडौं जिल्लाअन्तर्गतका १८ उपशाखामध्येको एउटा एकाइ हो । यस उपशाखाले यही पुस १६ गते शनिबार आफ्नो १६औं वार्षिक सभा सम्पन्न गर्‍यो । सहयोगीनगर सामुदायिक समाज कोटेश्वरको भवनमा सम्पन्न यो सभाका सभाध्यक्ष उपशाखा प्रमुख मोहनकुमार पराजुली हुनुहुन्थ्यो । पंक्तिकारसमेत अतिथि रहेको यो सभाका प्रमुख अतिथि नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमितिका सदस्य लक्ष्मीरत्न तुलाधर हुनुहुन्थ्यो ।

केन्द्रीय सदस्य चन्द्रकला कार्की पराजुलीसमेतको आतिथ्य रहेको यो सभामा उपशाखाका वार्षिक गतिविधिसहितको आर्थिक प्रतिवेदन पनि पास भयो । सभाध्यक्षसमेत १४ जनाले सम्बोधन गरेको यो सभामा नेपाल रेडक्रसका बारेमा केही राष्ट्रिय सञ्चार माध्यममा प्रकाशित टीकाटिप्पणीबारे जिज्ञासामूलक संक्षिप्त चर्चा भए पनि कहिलेकाहीं केही अति सतही विश्लेषणमा रमाउनेहरूको सोचका कारण पनि अतिशयोक्तिमूलक समाचार बन्ने हुँदा वास्तविकताको धरातलमा उभिएर पाठकले विश्लेषण गर्नुपर्ने र सम्बन्धित निकायले पनि कहीं कतै अप्रिय कार्य भएका छन् भने आफूलाई सुधारेर कार्यक्षेत्रमा लाग्नुपर्ने सुझाव सभामा आए । नागरिकको परिवर्तित सोच र मिलीजुली देश निर्माणमा जुट्नुपर्ने सकारात्मक वातावरण बनिरहेको सन्दर्भमा सहिष्णु भई सतर्कतापूर्ण सहकार्य सबैको मन्त्र बन्नुपर्ने, सामाजिक सेवामा लाग्नेहरूको संस्कार फेरिनुपर्ने र सबै प्रकारका चुनौती सामना गर्दै विपरीत विचार राख्नेहरूलाई पनि मिलाएर लैजान सक्नुपर्नेजस्ता सहभागीका सुझाव मननयोग्य थिए । सबै प्रकारका निराशा त्यागेर रेडक्रसकर्मीले सकारात्मक जोश र जाँगर राखी नागरिकमा उत्साह, उमङ्ग र विश्वास जागृत गराउँदै सेवाकार्यमा जुट्नुपर्ने सबैका रायसुझावको सार थियो । सभामा यस उपशाखाले गर्दै आएका रचनात्मक योगदानको खुलेर प्रशंसा भयो । नागरिकको सेवामा खटिन संस्कार फेरिनुपर्नेमा सबैको जोड थियो ।

# कूटनीतिको संवेदनशीलता र सचेत जनता



• विदुर घिमिरे

जनताको ज्ञानले राजनीतिज्ञको विचारलाई डगमगाउन सक्छ र राजनीतिज्ञका विचारले देशलाई । जिम्मेवार व्यक्तिहरुलाई आफ्नो जिम्मेवारीको बोध भएन भने समाज या देश ओरालोतर्फ मोडिन्छ । शासकले सत्ता जित्नलाई देशलाई हराएको इतिहास विश्व सामु छ ।जनताले केवल भूराजनीति र स्थानीय राजनीतिमा मात्र आफ्नो चासो व्यक्त गरेर देश अगाडि बढ्न सक्दैन । कूटनीतिक र परराष्ट्र नीतिमा देश कसरी अघि बढिरहेको छ भन्ने कुराको ज्ञान बराबर राखेर सचेत गराउनुपर्छ जनताले । किनकि राष्ट्रको स्वाधीनता सार्वभौमसत्ताको रक्षा गर्नु हरेक नेपालीको उत्तरदायित्व हो । अहिले अमेरिका, चीन र भारतसँग नेपालको विभिन्न पक्षमा सम्बन्ध र सन्धिहरुसँग सम्बन्धित कुराहरुमाथि अझ बढी ध्यानाकर्षण होस् भन्ने उद्देश्य हो यस लेखको । हरेक राष्ट्र केवल भौगोलिक राजनीतिक दृष्टिकोणले मात्र नभई भावनात्मक दृष्टिकोणले पनि बाँधिएको क्षेत्र हो । कुनै पनि देश स्थिर हुनको लागि उसको कूटनीतिको मजबुतीमा पनि निर्भर गर्दछ । विश्व अर्थतन्त्रमै ठूलो प्रभाव देखाएका दुई मजबुत प्रभावशाली छिमेकी भारत र चीनका अगाडि नेपालको वैदेशिक नीतिले ठुलो स्थान राख्दछ । छिमेकी भएका नाताले कुनै पनि धारणाहरूमा कुनै पनि दुई देशबीच विमति हुनु स्वाभाविक हो । जस्तो उदाहरणको लागि चीन र भारतको सीमा विवाद, नेपाल र भारतको कालापानीको विवाद । यी विवादहरुमा देशले कुन किसिमको कूटनीतिको सहारा लिन्छ भन्ने हो । ती निर्णयहरु लिने व्यक्तिहरु हामी हाम्रो चेतना र ज्ञानको आधारमा निर्वाचनद्वारा छनोट गर्छौं, ती कत्तिको महत्वपूर्ण हुन्छन् महत्वपूर्ण प्रश्न यो हो ।अहिले रुस र युक्रेनको युद्धले विश्वयुद्ध निम्त्याउने अवस्था छ । सन् १९९१ अघि युक्रेन सोभियत संघको एक अंश थियो तर त्यसपछि युक्रेन स्वतन्त्र भयो र नेटो र इयूहरूसँग युक्रेनका कुराहरु जोडिन लागे । आजको दिनसम्म पनि युक्रेन नेटोको सदस्य छैन तर यी सदस्यतासँग सम्बन्धित विषयले रुस र युक्रेनको युद्धको भीषण अध्याय लेखिने मोडमा छ । आज अन्तर्राष्ट्रिय सम्बन्धमा आर्थिक कूटनीतिको विशिष्ट स्थान छ । विश्व व्यापार संगठन, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको भूमिका अत्यन्त महत्वपूर्ण छ । साना देशहरु आर्थिक रूपमा मजबुत हुन खोजिराखेका छन् भने ठूला देशहरु आर्थिक सहायतामार्फत् आफ्ना स्वार्थ पुरा गर्न खोजी राखेका छन् । बाह्य पुँजीनिवेश, संयुक्त उद्यम, आर्थिक सहायता औद्योगीकरणमा सहयोग आदि कूटनीतिको अध्ययनको विषय बनेको छ । पश्चिमी देश आफ्नो आर्थिक शक्ति र कूटनीतिक कौशलताको कारण अल्पविकसित देशमा आफ्नो प्रभुत्व या नियन्त्रण स्थापित गर्न चाहन्छन् । परराष्ट्र नीतिमा पुँजीवाद, नवउदारवाद, समाजवाद जस्ता विचारहरूको प्रभाव पर्दछ तर जुनसुकै राजनीतिक दर्शन बोकेको भए पनि सत्ताधारी दलले परराष्ट्रनीतिलाई राष्ट्रिय अस्तित्व, राष्ट्रिय हित, सार्वभौमिकता, राष्ट्रिय अखण्डता र राष्ट्रियतालाई केन्द्रमा राखेर कूटनीतिलाई प्रबल बनाई छिमेकी राष्ट्र या पुरै विश्वसामु सगर्व उभ्याउन सक्नुपर्छ ।

**राष्ट्रियता र राष्ट्रिय हित**

नेपालको हरेक कूटनीतिक पहल या विचारको आशयको अन्तर्यभित्र एउटै तत्व पर्छ, त्यो नेपालको राष्ट्रियता र राष्ट्रिय हित हो । नेपालको परराष्ट्र नीतिको मुख्य आधारशिला राष्ट्रिय अस्तित्व र राष्ट्रियता नै हो । नेपाल कुनै पनि राष्ट्रको उपनिवेशमा बाँच्न परेको छैन । हाम्रो इतिहास सौर्यवान वीरहरूका शक्तिशाली रगतबाट लेखिएको छ, कमजोर छैन । परन्तु वैदेशिक हस्तक्षेपले नेपालको राजनीति सदैव तरंगित हुँदै आइरहेको छ । औपचारिक रुपमै हाम्रो कूटनीतिक सम्बन्धको इतिहास दुई सय वर्ष भन्दा पुरानो छ । पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशमा नै नेपालको कूटनीतिक सम्बन्धको सबैभन्दा महत्वपूर्ण सन्देश दिएका छन् । नेपाल दुई ढुङ्गा बीचको तरुल भएकाले उत्तर र दक्षिण दुबैसँग राम्रो सम्बन्ध बनाउनुपर्ने आधारभूत सिद्धान्त पृथ्वीनारायण शाहले त्यही बेला बुझिसकेका थिए । अहिले पनि नेपालको परराष्ट्र नीतिलाई यही सिद्धान्तले दिशानिर्देश गरिरहेको छ । नेपालको कूटनीतिक इतिहास हेर्ने भने राणाकालमै नेपालले अमेरिका, बेलायत, फ्रान्स जस्ता मुलुकसँग आफ्नो कूटनीतिक सम्बन्ध स्थापित गरिसकेको थियो । पञ्चायतकालीन समयमा हामी अहिलेको तुलनामा कूटनीतिक रूपमा बढी व्यवस्थित र स्थिर थियौं भन्ने जस्तो लाग्छ । पार्टीगत राजनीति र भूराजनीतिको नकारात्मक प्रभाव र संलग्नताले कूटनीति आज असफलतातिर लम्कदै छ । परराष्ट्र निकायहरुमा राजनीतिक भागवण्डा ठूलो समस्याको रुपमा देखिएको छ । अन्तर्राष्ट्रिय स्तरमा कुनै पनि देशको स्थान या छवि निर्धारण गर्ने धेरै तत्व या आधारहरु हुन्छन्, जसमध्ये एक हो पासपोर्ट । तर विश्वको पासपोर्टमा हामी कमजोर स्थितिमा छौं र क्रमिक रुपमा हाम्रो स्थिति खस्किने क्रममा छ । विश्वको धेरै क्षेत्रीय संघसंगठनहरुले अहिले तीव्र सक्रियता देखाइरहेका छन् तर सार्क र बिमस्टेक जस्ता क्षेत्रीय संगठनहरुको सक्रियता कम हुँदै गइरहेको छ । नेपालको परराष्ट्र नीतिका पनि बहुआयामिक पक्ष छन्, जसमध्ये यस्ता संगठनहरु पनि पर्दछन् । आज सार्क आफ्नो निष्क्रियता प्रस्तुत गरिरहेको छ, जबकि बिमस्टेकलाई भारत अगाडि बढाउन चाहन्छ । जुन कारक तत्वका कारण सार्क फेल भयो, त्यस्तै बिमस्टेक भोलिका दिनमा फेल नहोला भन्न सकिँदैन । यस्ता संगठनहरूको कार्यनीति, सञ्चालन विधि र अन्य सदस्यहरूको संलग्नतालाई नेपालले सुक्ष्म अध्ययन गरी अघि बढ्नुपर्छ । जस्तो कि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क)मा नेपाल पनि संस्थापक राष्ट्रको रुपमा छ । त्यसैले, सार्कको भविष्य लेखनमा नेपालको पनि ठूलो हात हुन्छ ।चीन-अमेरिका या भारत-अमेरिका या भारत-चीनको सम्बन्धले प्रत्यक्ष अप्रत्यक्ष रूपमा नेपालको भूराजनीतिको जटिलतालाई प्रभाव पार्छ । एक्काइसौं शताब्दीमा चीन, अमेरिका, रसिया जस्ता देश मुख्य शक्ति रुपमा छन् । आगामी दिनमा भारत-चीन शक्तिकेन्द्र बन्न सक्छन् । त्यसैले पनि नेपाल विश्व दृष्टिकोणमा महत्वपूर्ण स्थानको रूपमा छ । भारत र चीनको राजनीतिक दर्शन, परिवेश, इतिहास फरक छन् । केही यिनलाई पौराणिक युगमा प्रतिस्पर्धी सभ्यता र वर्तमान युगमा प्रतिस्पर्धी राज्यको रूपमा लिन्छन् । भौगोलिक तुलनामा चीन र भारतको अगाडि नेपाल धेरै सानो अविकसित मुलुक पनि हो । विकसित र अविकसित मुलुकमा पाइने साधारण भिन्नता स्रोतसाधनको सही उपयोगिता, कूटनीतिक चातुर्यता, स्थिर भूराजनीति र स्थिर सरकार नै हो । भौगोलिक मानचित्रमा साना मुलुकहरु जस्तै सिंगापुर, दक्षिण कोरिया जस्ता देशहरु विकसित मुलुकमा गनिन्छन् ।आफ्नो स्वार्थका लागि राजनीतिमा विश्वास गर्नेहरूले देशको स्वार्थका लागि देशको वैदेशिक नीतिमा पनि चासो राखी खबरदारी गर्न सक्नुपर्छ । राजनीति देशको सर्वोच्च नीति हो, शासनसत्ताको बिज्ञान हो राजनीति र त्यो शासनसत्ताको प्रमुख कलाहरु मध्येको एक प्रमुख कला हो कूटनीति । समयसँगै यिनका अर्थ र प्रयोग भिन्न हुँदैछ । तर धेरै कालखण्डमा फोहोर राजनीतिबाट कूटनीति थिचिँदा देशको सार्वभौमसत्ता संकटमा पर्दछ । हरेकले जटिल दर्शनहरू बुझ्नुपर्छ भन्ने अनिवार्य छैन तर सरकार या संसद के गर्दैछ भन्ने बोध हुनुपर्छ हरेक देशवासीलाई । किनकि केही प्रश्नले निरन्तरता पाएन भने नेतृत्व जसको भएपनि आफ्नो सीमा नाघ्ने साहस गर्न सक्छन् । कूटनीति पनि संवेदनशील विषय हो, साधारण विषय होइन । कूटनीतिमा शब्द मात्र होइन, मौनता पनि शक्तिशाली हुन्छ । कूटनीतिक रूपमा निस्केका समस्याहरु उच्चस्तरको कूटनीतिक पहल या वार्ताबाट मात्र समाधान हुन्छन् र हरेक सरकारले त्यस्ता कूटनीतिक पहल या वार्ताका प्रगति विवरण आमजनतालाई बुझाउन सक्नुपर्छ । हरेक नेपालीले आफ्नो देशको स्वाधिनता र सार्वभौमिकताको रक्षा हेतु कूटनीति बुझ्ने प्रयास गर्नुपर्छ । हरेक दर्शनको निचोड गहिराइमा मात्र मिल्छ तर हरेक निचोडलाई सरल शब्दमा भन्न सक्नु नै बुझाउन सक्ने एक विद्वानको चिनारी हुन्छ । यस्ता कूटनीतिक विद्वानको हामीसँग पहिला पनि कमी थिएन र अहिले पनि कमी छैन । तर आज महत्वपूर्ण सन्धि सम्झौताहरुमा विद्वानहरुकै मत बाँडिएकाले जनता एउटा निष्कर्षमा पुग्न सकेका छैनन् । बौद्धिक वर्ग तटस्थ हुनैपर्छ, कुनै एउटा पक्षतिर बढी झुकेर विभिन्न स्वार्थका कारण गलत सन्देश दिन हुँदैन । यस्तो हुनु भनेको देशकै लागि दुर्भाग्यको कुरा हुन्छ । हामी आज कूटनैतिक रुपमा समयको नाजुक धारमा छौं त्यसैले विद्वानहरुले हरेक नेपालीले बुझ्ने गरी राष्ट्रघात हुन सक्ने कूटनीतिक पहल सन्धि सम्झौताका बारेमा स्पष्ट पार्नुपर्छ । राष्ट्रको सामाजिक, आर्थिक विकास हुने सन्धिलाई सहर्ष स्वागत गर्ने र राष्ट्र अहितको हरेक सन्धि, सम्झौताको विरुद्धमा उत्रिनु हरेक नेपालीको कर्तव्य हो र त्यसको जानकारी पाउनु अधिकार । र, ती सन्धिमाथि सघन र गहिरो विश्लेषण संसदले गर्नुपर्छ । आज लिम्पियाधुरा र कालापानीको समस्या पनि उच्चस्तरीय कूटनीतिक वार्ताबाट मात्र समाधान हुन सक्छ । महाकाली सन्धि सम्झेर हामी आज पनि दुःखी हुन्छौं । किनकि यो धेरै पुरानो कुरा पनि होइन । हामीले विद्वान ठानेर चुनेर पठाएकाबाट भएका गल्ती धेरै पटक देखि सक्यौं, बुझिसक्यौं । तर न आवाज बुलन्द भयो, न त प्रतिध्वनि नै गुन्जियो । म उग्र राष्ट्रवाद या अति राष्ट्रवादको वकालत गर्ने व्यक्ति होइन । राष्ट्रिय हितको बारेमा सोच्ने एक आम युवक, मेरा शब्दहरु फगत देशभक्तिका परावर्तित किरण मात्र हुन् । वैचारिक निष्पक्षता र स्पष्टता एउटा नेताको चिनारी हो र सैद्धान्तिक निष्पक्षता र स्पष्टता एउटा पार्टी या संस्थाको हो । विशेष गरी अन्तर्राष्ट्रिय सम्बन्धहरु या अन्तर्राष्ट्रिय राजनीतिमा पार्टीगत र व्यक्तिगत धारणाहरु पारदर्शी हुनुपर्छ हामीले अस्तित्व नै मेटिएका देशहरु पनि देखेका छौं । कूटनीतिक रूपमा मुलुकको संवेदनशील निर्णयहरू लिनको लागि राष्ट्रिय हितमा विश्लेषण नगरी निर्णय लिँदा देश सदैव संकटतिर मोडिन्छ । त्यसैले मुलुक सही दिशामा अघि बढ्न कूटनीतिक दूरदर्शिता अत्यावश्यक हुन्छ ।वर्तमान समयमा नेपालको संसद आफ्नो जवाफदेहितामा कमजोर देखिएको छ । विगत दुई वर्षको नेपालको घटनाक्रमलाई हेर्ने हो भने सायद राजनीतिमा यति धेरै उलटपुलट हुनमा बैदेशिक हस्तक्षेपको ठूलो भूमिका देखिएको छ । असंलग्न परराष्ट्र नीतिको अभ्यासमा पनि अस्पष्ट हुँदैछ । कुनै पनि देश अझ त्यसमाथि पनि भूपरिवेष्ठित राष्ट्रको लागि छिमेकीसँगको सम्बन्ध सदैव संवेदनशील विषयको रुपमा रहन्छ । ठूला शक्तिहरूको गह्रौ भारमा थिचिँदाको नतिजा देख्दैछौ हामी । किनकि वर्तमान समयमा देशले स्थिरता पाएको छैन । सिक्काको दोस्रो पाटो पनि छ, आर्थिक र सामाजिक विकासको पनि राष्ट्रिय अखण्डता जोगाउनमा ठूलो हात हुन्छ । र, अन्तर्राष्ट्रियस्तरको सहयोग ( विशेषतः आर्थिक सहयोग) विना हामी अघि बढ्न सक्दैनौं । यसका लागि धेरै देशको सहयोग चाहिन्छ । कुनै पनि देशको कूटनीतिको मुख्य लक्ष्य विश्वसामु आफ्नो मजबुत स्थिति बनाउनु नै हुन्छ, चाहे अर्को राष्ट्रमा सकरात्मक प्रभाव परोस् या नकारात्मक प्रभाव । आर्थिक, सामाजिक, राजनैतिक रुपमा सक्षम र सबल बन्ने कूटनीतिको उद्देश्य हुन्छ । शीतयुद्धको कारण सन् १९९१ मा सोभियत संघको विघटनपछि अमेरिकाको महाशक्तिमा उदय अमेरिकाको कूटनीतिको उदाहरण हो ।

महाकाली सन्धि भएको भारतको कूटनीतिक उदाहरण हो । सन् १९७१ मा पाकिस्तानको विभाजन गर्नु भारतको कूटनीतिको अर्को उदाहरण हो । रुस-युक्रेन युद्धबाट नेपालले सिक्नुपर्ने कुरा के हो भने छिमेकमा धेरै शक्तिशाली राष्ट्र भए कूटनीतिको महत्व झनै बढ्छ । किनकि युद्ध हुनु भनेको कूटनीतिको हार हो । चीनले सन् १९९१ मा तिब्बत कब्जा गरेको र भारतले सन् १९७५ मा सिक्किम कब्जा गरेको घटनाबाट पनि नेपालले धेरै कूटनीतिक शिक्षा लिनुपर्छ ।

# पित्तथैलीको माया



• लीला उदासी

मलाई मेरो फालिएको पित्तथैलीको औधी माया लाग्यो । झण्डै चौहत्तर बर्षसम्म मसँग रहेको पित्तथैली फालियो । मसँगै जन्मिएको मेरो पित्तथैलीले मलाई साथ दिएको थियो, मलाई सहयोग गरेको थियो । उसभित्र एउटा ढुङ्गा जन्मिएपछि मैले उसको हत्या गर्नु पर्यो । फाल्नु पर्यो । मैले उसलाई विचरा पनि भनिनँ । मलाई उसको औधी माया लागेको छ ।

त्यो मेरो शरीरको अङ्ग थियो । जीवनभरि मसँगै थियो । मलाई बाँच्न सघाएको थियो । ऊ र म सँगै बाँचेका थियौं । फाल्न पर्ने भयो । फालियो । अब ऊ अस्तित्वमा छैन । अस्तित्वमा हुँदा मैले माया गर्न जानिनँ कि ? अहिले भने मलाई धेरै माया लागेको छ । एक प्रकारले मलाई शोक छाएको जस्तै भएको छ ।थाहा छैन, अरूलाई यस्तो हुन्छ कि हुँदैन ? मलाई भने अनौठो भएको छ । मलाई मेरो पित्तथैलीको माया लागेको छ । सायद सुप्रसिद्ध लेखिका शारदा शर्मालाई यस्तै अनुभूति भएको लेख कतै पढे जस्तो लाग्छ । यस अर्थमा उहाँ मेरो गुरु हुनुहुन्छ । यसै शारदा शर्मा मेरो मन परेकी लेखिका हुनुहुन्छ । उहाँका अधिकांश पुस्तक पढेको छु । अहिलेसम्म देखभेट भएको भने छैन । उहाँको लेखनबाट म ज्यादै प्रभावित छु । मैले सम्झेको ठीक हो भने उहाँलाई र मलाई उस्तै अनुभूति भएको छ ।

धेरैलाई मेरो अनुभूति अनौठो लाग्न सक्छ । मलाई थाहा छ, म आफै अनौठो लाग्न सक्छु । त्यसो हुँदै पनि मलाई ठीकै लाग्छ । मलाई जे लाग्छ, मैले त्यो लेखेको हुँ । भनेको हुँ ।

मेरो स्वास्थ्यको सामान्य समस्याको परीक्षणमा पित्तथैलीमा ढुङ्गा देखापर्यो । यसको शल्यक्रियाबाट हटाइनुको विकल्प नरहेको चिकित्सकीय परामर्श भएर मेरो ढुङ्गासहितको पित्तथैली निकालियो र फालियो । म स्वस्थ हुँदैछु । कुरा त यति हो । मैले अस्पतालका डाक्टर, नर्स र अरू स्टाफका नकारात्मक समाचार पनि पढेको छु । मैले त्यस्तो कुनै व्यवधान भोग्नु परेन । मेरो शल्यक्रियामा सरिक हुने डा. शम्भु नवल उहाँको टीम, नर्सहरू र अस्पतालका अन्य स्टाफहरूले देखाएको सद् भाव, व्यवहार र सेवाले म पानी पानी भएको छु । उहाँहरूको व्यवहारले नै म आधा निको भएँ । सबैलाई धन्यवाद भन्न चाहन्छु ।

अनि मेरा रोगका विरुद्धमा मेरा परिवार र नाताका व्यक्तिहरूले धेरै मिहेनत, चिन्ता र तनाव लिनु पर्यो । मेरी रोगी पत्नी रमाको अहिलेसम्म दैनिकी सामान्य भएको छैन । मेरो छोरो सुशान्त र सालो गोपालले अस्पतालको कहर काटे । चिसो खाए । विदेशमा रहेको छोरो युवराज, बुहारी हिमा, नातिनी मेधा र नाति म्रिनलले धेरै चिन्ता र तनाव लिए मेरो स्वास्थ्य लाभको कामना गरे । काठमाण्डौमा रहेकी छोरी शान्ता बुहारी सुस्मा चिन्तित बने, दिनहुँ मेरो खबर लिइरहे । विदेशमा रहनु भएको ज्वाइँ र नेपालमै रहेका नातिनीहरू स्नेहा, ब्लेस र नाति ब्रेन्दनले स्वास्थ्य लाभको कामना गरिरहे ।

मेरा दुईजना रोगी दिदीहरू हिमा लामिछाने र कमला खतिवडाले मेरो सानु रोगमा मलाई आमा बित्नु हुँदाको दश महिनाको भाइ सम्झेर भाउजू समेतले ठूलो चिन्ता गरिरहनु भयो । मेरो रोगी माहिलो दाई र भाउजूले चिन्ताग्रस्त भएर खोज खबर गरिरहनु भयो ।

ठूला रोगसँग लडेकी मेरी कान्छी भान्जी तुलसाबाट अहिलेको प्रविधिको विकास भएको समयमा यो समस्या काँडो झिकेजस्तै मात्र हो भनेर समस्यालाई सरल बनाउने काम भयो ।

मेरा अन्य नाता गोता, मित्रहरू, शुभेच्छुक, साथीभाइ, गाउँ टोलबाट जुन सद् भाव र शुभकामना फोनबाट, सामाजिक सञ्जालबाट, भेटघाटबाट मैले प्राप्त गरेँ मलाई त बिरामी भएको नै महसुस भएन । सबैप्रति कृतज्ञ छु र सबैमा धन्यवाद भन्न चाहन्छु । मेरा पुराना मित्र, मेरा अनन्य शुभेच्छुक माननीय गोपालकुमार बस्नेतले लेख्नु भएको छ ' बिर्ता सिटीका नराम्रा कुरा भए मलाई भनी दिनु र राम्रा कुरा भए अरूलाई भनी दिनु '- निश्चय नै म त्यसै गर्ने छु । सबैमा यस्तो सोच होस् जस्तो मलाई लागेको छ ।

यसरी मेरो पित्तथैलीको कथा सकिएको छ र मलाई भने अझै मेरो पित्तथैलीको माया लागिरहेछ ।

# प्याब्सन दिवसमा जिल्लास्तरीय साँस्कृतिक प्रतियोगिता




भद्रपुर(प्रस) ।३२ औं प्याब्सन दिवसको अवसर पारेर झापा प्याब्सनले भद्रपुरमा जिल्लास्तरीय बृहत् साँस्कृतिक प्रतियोगिता सञ्चालन गरेको छ ।

पुष २५ गतेसम्म चल्ने प्रतियोगितामा जिल्लाका १५ पालिकाबाट उत्कृष्ट भएका गीत तथा नृत्यबीच प्रतिष्पर्धा हुनेगरी साँस्कृतिक कार्यक्रम आयोजना गरिएको हो ।

प्याब्सन झापाका अध्यक्ष गौरीमान फागोको अध्यक्षता तथा झापाका सहायक प्रमुख जिल्ला अधिकारी रूद्रप्रसाद न्यौपानेको प्रमुख आतिथ्यमा कार्यक्रमको औपचारिक उद्घाटन गरिएको थियो ।

प्याब्सन झापाका बरिष्ठ उपाध्यक्ष तथा कार्यक्रम संयोजक छत्र कार्कीले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा झापाका १५ वटै पालिकाका संस्थागत विद्यालयका विद्यार्थी, अभिभावक, शिक्षक कर्मचारीलगायत सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । प्रतियोगितामा नृत्यका ३९ र गायनका ३९ प्रतिष्पर्धीबीच प्रतिष्पर्धा हुने छ । कार्यक्रमअन्तर्गत गायनतर्फ १२ वर्षमुनि, कक्षा १० सम्मका र कक्षा १२ सम्मका उत्कृष्ट प्रतिपर्धीबीच जिल्ला उत्कृष्टका लागि प्रतिष्पर्धा भएको थियो । त्यस्तै नृत्यतर्फ आधुनिक, राष्ट्रिय र जातीय पहिचानसहितका साँस्कृतिक नृत्यहरूको विषयगत प्रतिष्पर्धा हुने जनाइएको छ ।

# एयरलाइन्सका यात्रुलाई पीसीआर नेगेटिभ रिपोर्ट अनिवार्य



झापा(प्रस) । नेपाल एयरलाइन्सले अन्तर्राष्ट्रिय सेक्टरबाट आगमन हुने यात्रुहरुको पीसीआर नेगेटिभ रिपोर्ट अनिवार्य गरेको छ ।

एयरलाइन्सले अन्तर्राष्ट्रिय उडानका यात्रुहरुलाई बार कोडसहितको कोभिड-१९ इन्टरनेशनल सर्टिफिकेट वा कोभिड-१९ टेष्ट एआइपी गरेको पीसीआर रिपोर्ट अनिवार्य गरेको हो । पीसीआर रिपोर्ट २४ घण्टाभित्रको हुनुपर्ने एयरलाइन्सले जनाएको छ । कोभिड-१९ को संक्रमण फरक स्वरुपमा फैलिन थालेपछि सरकारले अन्तर्राष्ट्रिय उडानहरुमा कडाई गरेको छ ।

# सहकारीको ३४ लाख चोरी, कर्मचारी नियन्त्रणमा

झापा(प्रस) । मोरङको मिक्लाजुङ गाउँपालिका-३ टाँडीस्थित धोबेनीमा रहेको चुरेफेदी महिला बचत तथा ऋण सहकारी संस्थाको ३४ लाख रूपैयाँ चोरी भएको छ ।



मूल ढोकाको ताला फुटाएर सहकारीको रकम चोरी गरेको पाइएको प्रहरीले जनाएको छ। घटना शुक्रबार रातिको हो। तर, प्रहरीले भने शनिबार दिउँसो साढे १ बजेतिर मात्रै जानकारी पाएको थियो। घटना शंकास्पद देखिएपछि प्रहरीले एकजना कर्मचारीलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको छ। प्रहरीले सहकारीको आर्थिक कारोबार हेर्ने कर्मचारी मेनुका नेपाली (शिवा)लाई नियन्त्रणमा लिएको हो। घटनामा उनको संलग्नता यकिन भइनसकेको प्रहरीले जनाएको छ। प्रहरीले सहकारीकी अध्यक्ष मीना कार्की, प्रबन्धक प्रकाश खनालसहित अन्य पदाधिकारी र कर्मचारीमाथि पनि सोधपुछ गर्ने काम भइरहेको जानकारी दिएको छ ।

प्रारम्भिक अनुसन्धानबाट घटना हुनुअघि सहकारीकी कर्मचारी नेपालीले बुझाउनुपर्ने हिसाबकिताब प्रबन्धक खनाललाई नबुझाएको खुलेको छ। सहकारीको ताला फुटाएर कार्यालयभित्र पैसा राखिएको 'सेभ' तोडेर चोरी गरेको पाइएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी दीपक श्रेष्ठले जानकारी दिए।

उनका अनुसार तोडफोड गर्दै पैसा निकालेको अवस्थामा कार्यालयबाट करिब ५० मिटर पश्चिममा 'सेभ' फेला परेको थियो। 'रातको समयमा मूल ढोकाको ताला फोडेर सहकारीभित्र छिरेको देखिन्छ। कार्यालयका कुर्सीहरू टेबुलमाथि राखिएको अवस्थामा भेटिए,' उनले भने, 'कार्यालयबाट बाहिर निकालेर तोडफोड गर्दै पैसा निकालेको अवस्थामा ५० मिटरजति पश्चिममा 'सेभ' फेला परेको छ। थप अनुसन्धान गर्ने काम भइरहेको छ।' सहकारीमा चोरी भएको कुरा सुरुमा प्रबन्धक खनालले प्रहरीलाई जानकारी गराएका हुन्। खनालले सहकारीको ३४ लाख चोरी भएको जानकारी गराएको प्रहरीले जनाएको छ। तर, चोरी भएको रकम यकिन हुन बाँकी रहेको डीएसपी श्रेष्ठ बताउँछन्। पैसा कसरी राखिएको थियो, सहकारी कसको जिम्मामा थियो र घटना कसरी भयो भन्ने बारेमा विस्तृतमा अनुसन्धान भइरहेको उनले बताए। अनुसन्धान सकिएपछि मात्रै यस विषयमा थप प्रष्ट हुने डीएसपी श्रेष्ठको भनाइ छ। उक्त सहकारी स्थानीय महिलाहरूले मिलेर २०६८ सालदेखि सञ्चालनमा ल्याएका हुन्।

# अवैध सामान बरामद



झापा(प्रस) ।प्रहरीले झापा,मोरङ र सुनसरीको विभिन्न स्थानबाट अवैध सामान बरामद गरेको छ ।

शनिबार साँझ ६:२५ बजे झापा मेचीनगर नगरपालिका वडा नं. ६ मा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ भन्सार छली गरी अवैध रुपमा ल्याउँदै गरेको अन्दाजी मूल्य चालिस हजार बराबरको कपडा बरामद गरी मेची भन्सार कार्यालय काँकरभिट्टामा बुझाएको छ ।

त्यस्तै शनिबार बिहान प्रहरी चौकी गोलधापबाट खटिएको प्रहरी टोलीले झापा बाह्रदशी गाउँपालिका वडा नं. ३ जवेगु डाँडामा सखुवा जातको काठ १७.२५ क्यु.फिट बेवारिसे अवस्थामा फेला पारी आवश्यक कार्वाहीको लागि डिभिजन वन कार्यालय चन्द्रगढीमा बुझाईएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

उता जिल्ला प्रहरी कार्यालय मोरङले मोरङका विभिन्न स्थानहरुबाट भन्सार छली भारतबाट नेपालतर्फ ल्याउँदै गरेको अवैध सामान बरामद गरेको छ । मोरङ जिल्लाका सिमावर्ती क्षेत्रका प्रहरी कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले खाद्यान्न, लत्ताकपडा, हार्डवेयरको सामान, कस्मेटिक लगायतका अन्दाजी ७ लाख ३३ हजार १ सय ८० रुपैयाँ बराबरको सामान प्रहरीले बरामद गरेको हो । बरामद भएका सामानहरु आवश्यक कारबाहीको लागि भन्सार कार्यालय बिराटनगर बुझाईएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

त्यस्तै जिल्ला प्रहरी कार्यालय सुनसरीले विभिन्न किसिमका अबैध सामानहरु बरामद गरी भन्सार कार्यालय बुझाएको छ । जिल्लाका बिभिन्न सिमावर्ती क्षेत्रबाट अबैध रुपमा चोरी निकासी पैठारी भएका मदिरा, विभिन्न किसिमका खाद्यान्न, लत्ता कपडाहरु गरी अन्दाजी ९ लाख ८१ हजार बराबरको सामानहरु बरामद गरेको हो । बरामद भएका सामानहरु आवश्यक कारवाहीको लागि सेतुबन्ध भन्सार कार्यालय कोशी ब्यारेजमा बुझाईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

प्रतिदिन — वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ


राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष**: आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ ।

**वृष**: कला र गलाको प्रभाव बढ्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिथुन**: यात्रा गर्दा बाटोमा दुःख हुन सक्छ । काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् ।

**कर्कट**: शेयर बजारले पनि साथ दिनेछ । सजिलै अरूको मन जित्न पनि सकिनेछ ।

**सिंह**: परिवारमा नयाँ सदस्य थपिने छ । समाज र परोपकारमा समय बित्न सक्नेछ ।

**कन्या**: आज परदेशी घर फर्कने योग छ । घरपरिवारमा रमाइलो वातावरण छाउनेछ

**तुला**: झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमा पनि कमी आउनेछ ।

**वृश्चिक**: आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ ।

**धनु**: धार्मिक कार्यमा संलग्न भइनेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुने

**मकर**: आजको समय मध्यम खालको छ । आज ठूलो लगानी गर्नु उपयुक्त छैन ।

**कुम्भ**: मठमन्दिरको भ्रमणले काम सम्पन्न हुनेछ । परोपकारी कार्यमा संलग्न भइनेछ ।

**मिन**: दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । प्राविधिक कार्यमा लगाव बढ्नेछ ।